नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ८४६

मिति :- २०७९।०९।०३

बिषय : दलित थर परिवर्तन गर्ने सम्बन्धमा ।

श्री स्थानीय पञ्जिकाधिकारी सबै (६७४३ वडा) ।

प्रस्तुत विषयमा दलित नागरिकहरुको थर परिवर्तनको विषयमा विभिन्न पालिका तथा वडा कार्यालयहरुबाट स्पष्ट पारिदिन अनुरोध भई आएकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन यस विभागको मिति २०७९।०९।०३ गतेको निर्णयानुसार अनुरोध छ ।

निम्न :

१. १६ वर्षभन्दा मूनिका दलित बालबालिकाको दलित जातीय थर प्रयोग गरी जन्म दर्ता भएकोमा सो परिवर्तन गरिदिन सूचक बस्न योग्य सम्बन्धित व्यक्तिबाट निवेदन प्राप्त भएमा राष्ट्रिय दलित आयोगद्वारा प्रकाशित दलित जातीय अनुसूची विवरणमा उल्लेख भएमा सम्बन्धित दलित जातीभित्रको थरहरु मध्येबाट निवेदकले चाहेको थर राखी जन्म दर्तामा थर परिवर्तन गरी प्रतिलिपि जारी गर्ने।

२. उल्लिखित अनुसारका बालबालिकाको थर परिवर्तनका साथै निजको बुवा, आमा वा सूचकको पनि थर परिवर्तन गरिदिन निवेदन प्राप्त भएमा बुवा, आमा वा सूचकको नागरिकता प्रमाणपत्रमा थर संशोधन भएको प्रमाण राखेर मात्रै थर परिवर्तन गरिदिने ।

३. १६ वर्षभन्दा माथीका व्यक्तिको घटना दर्ता प्रमाणपत्रमा थर परिवर्तन गरिदिन आधिकारीक व्यक्तिबाट निवेदन प्राप्त भएमा नागरिकता प्रमाणपत्रमा संशोधन भएको थर अनुसार थर परिवर्तन गरी प्रतिलिपि जारी गर्ने ।

०७९/०९/०३
समीर भण्डारी
(शाखा अधिकृत)

अवगतार्थ :

श्रीमान् सचिवज्यू, गृह मन्त्रालय ।

बोधार्थ/कार्यार्थ :

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

श्री इलाका प्रशासन कार्यालय, सबै ।

श्री सीमा प्रशासन कार्यालय, सबै ।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np